का.जि.प्र.का.द.नं. १००/०५९/६०

१२ चैत २०७८,
शनिबार
26 March 2022,
Saturday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ४९ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

कांग्रेस बैठक

# आवश्यकता हेरेर गठबन्धन

शुक्रबारबाट नेपाली कांग्रेसको केन्द्रीय कार्यसमितिको बैठक सुरु भएको छ । पहिलो दिन बोल्ने नेताहरु आवश्यकताको सिद्धान्तमा आधारित चुनावी गठबन्धन गर्नेमा एकमत देखिए ।





'आवश्यकताको सिद्धान्तअनुसार कतै गठबन्धन गरेर जान हुने कतै गठबन्धन नगरे पनि भनेर रिपोर्टहरु आएका छन् । सबैले आवश्यकताको सिद्धान्तमा आधारित गठबन्धन गर्नुपर्ने बताएका छन्'

**डा. प्रकाशशरण महत**
प्रवक्ता, नेपाली कांग्रेस

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ११ चैत ।

नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिको बैठक केन्द्रीय कार्यालय, सानेपा ललितपुरमा बस्यो । पहिलो दिन २८ जना केन्द्रीय सदस्यले धारणा राखे । उनीहरुको मुख्य चासो आसन्न स्थानीय तहको चुनावमा गर्ने भनिएको चुनावी गठबन्धनमा थियो । कांग्रेसका प्रवक्ता डा. प्रकाशशरण महतका अनुसार, केन्द्रीय सदस्यहरु चुनावी गठबन्धन गर्नै नहुने भन्नेमा देखिएनन् । बरु सबैले आवश्यकताको सिद्धान्तमा आधारित भएर मात्रै चुनावी गठबन्धन हुनुपर्ने बताएका छन् ।

'फरक-फरक ठाँउहरुबाट फरक-फरक सुझावहरु आएको छ' डा. महतले भने, 'आवश्यकताको सिद्धान्तअनुसार कतै गठबन्धन गरेर जान हुने कतै गठबन्धन नगरे पनि भनेर रिपोर्टहरु आएका छन् ।' उनका अनुसार आवश्यकताको सिद्धान्तमा गठबन्धन गर्ने विषयमा नेताहरु एकमत छन् । बरू नेताहरुले स्थानीय निर्वाचनमा गठबन्धन गर्ने अधिकार स्थानीय तहलाई दिनुपर्छ भन्दै नेतृत्वको ध्यानाकर्षण गरे ।

**छलफलमा चितवन**

कांग्रेसको बैठक माओवादी केन्द्रका अध्यक्ष प्रचण्डको – बाँकी पृष्ठ २ मा

## एमालेसँग गठबन्धनको प्रस्ताव

**दिपेन्द्र श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, ११ चैत ।

आवश्यकताको आधारमा चुनावी गठबन्धन गर्न तयार केही कांग्रेस केन्द्रीय सदस्यहरुले नेकपा एमालेसँग पनि आवश्यकताको सिद्धान्तको आधारमा चुनावी गठबन्धन गर्ने ढोका खुलै राख्ने प्रस्ताव गरेका छन् । केन्द्रीय सदस्य मुक्ताकुमारी यादवले सिन्धुलीमा स्थानीय तहको निर्वाचनमा जित हासिल गर्न एमालेसँग गठबन्धन गर्नुपर्ने अवस्था रहेको बैठकमा रिर्पोटिङ गरिन् । उनले एमालेसँग चुनावी गठबन्धनका लागि पनि ढोका खुलै राख्न पार्टी नेतृत्वलाई आग्रह गरिन् ।

कर्णाली प्रदेश सभापति ललितजंग शाहीले पनि एमालेसँगको सहकार्यको – बाँकी पृष्ठ २ मा

# वाङ यी काठमाडौंमा

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ११ चैत ।




चिनियाँ विदेशमन्त्री वाङ यी काठमाडौंमा छन् । गत सोमबार पाकिस्तान पुगेका वाङ अफगानिस्तान, भारत हुँदै शुक्रबार काठमाडौं आइपुगेका हुन् । २५ सदस्यीय भ्रमण टोलीसहित काठमाडौं उत्रिएका वाङले औपचारिक भेटघाट भने शनिबार गर्नेछन् ।

आज बिहान नेपालका समकक्षी डा.नारायण खड्कासँग भेट्ने तय भएको छ । त्यसअघि उनी बिहान साढे ६ बजे नै शिवपुरीमा हाइकिङ जाने छन् । शनिबार दिउँसो प्रधानमन्त्री शेरबहादुर देउवा र आइतबार बिहान राष्ट्रपति विद्यादेवी भण्डारीसँग छलफल गर्ने कार्यतालिका छ । आइतबार नै प्रमुख विपक्षी दल नेकपा एमाले अध्यक्ष केपी शर्मा ओली र नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई भेटेर वाङ साँझ चीन फर्किने कार्यक्रम छ ।

# १६ गतेदेखि मतपत्र छपाई

निर्वाचन आयोग आसन्न स्थानीय तहको चुनावको तयारीमा केन्द्रीत छ । चुनावमा भाग लिने राजनीतिक दलहरुको जिल्लागत विवरण लिएर आयोगले १६ देखि ६० लहरसम्मको मतपत्र यही चैत १६ गतेदेखि छाप्दैछ ।

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ११ चैत ।




निर्वाचन आयोगले आसन्न बैशाख ३० गतेको स्थानीय तहको चुनावका लागि यही चैत १६ गतेदेखि मतपत्र छपाई सुरु गर्दैछ । प्रवक्ता शालिग्राम शर्मा पौडेलका अनुसार निर्वाचन आयोगले मतपत्र छपाईका लागि तयारी अवस्थामा रहन जनक शिक्षा सामाग्री केन्द्र लिमिटेडलाई शुक्रबार मात्रै आग्रह गरेको छ ।

आयोगको शुक्रबार बसेको बैठकले मतपत्र छपाइका लागि तयारी अवस्थामा रहन आग्रह गर्ने निर्णय गरेको हो । सोही अनुसार जनक शिक्षा सामग्री केन्द्र लिमिटेडलाई पत्राचार गरिएको पौडेलले जानकारी दिए । आसन्न स्थानीय तहको चुनावका लागि २ करोड मतपत्र छापिनेछ । मतपत्र छाप्नका लागि ११ करोड रुपैयाँको कागज किनिसकिएको र कागज धमाधम आउनेक्रम जारी रहेको पनि प्रवक्ता पौडेलले जानकारी दिए ।

उनका अनुसार सात सय मेट्रिकटन कागजमध्ये साढे तीन सय मेट्रिकटन आइसकेको छ । अबको एक दुई दिनमा सबै कागज आइसक्छ । कागज जनक शिक्षा सामग्री केन्द्र लिमिटेडमै भण्डारण गरिएको छ । यसैगरी, निर्वाचनको लागि आवश्यक अन्य ५७ प्रकारका सामग्री पनि चैतको तेस्रो साताबाट प्राप्त हुने आयोगले जनाएको छ । जिल्लामै उपलब्ध हुने १५ प्रकारका सामग्री भने सम्बन्धित जिल्ला निर्वाचन कार्यालयले खरिद गर्ने छन् ।

**मतदाता नामावली तयार**

आयोगले आइतबार अन्तिम मतदाता नामावली प्रकाशित गर्ने तयारी गरेको छ । मतदाता नामावली अध्यावधीकको कार्य सकिएको छ । आयोगका सूचना अधिकारी सूर्य प्रसाद अर्यालका अनुसार आइतबार आयोगले औपचारिक निर्णय गरेर नामावली प्रकाशित गर्नेछ । यसअघि आयोगले आसन्न स्थानीय तहको निर्वाचनमा १ करोड ७८ लाख मतदाता हुन सक्ने अनुमान सार्वजनिक गरेको थियो । स्थानीय निर्वाचनमा ७९ दलले भाग लिँदैछन् ।

चैत १५ गतेदेखि ७ सय ५३ वटै स्थानीय तहमा निर्वाचन अधिकृत खटाउने तयारी आयोगको छ । आयोगले गत बुधबारदेखि सातै प्रदेशमा आचारसंहिता अभिमुखीकरण कार्यक्रम पनि जारी राखेको छ । निर्वाचन आचारसंहिता तयारी अवस्थामा राखेको आयोगले दुई सातापछि लागू गर्ने तयारी गरेको छ ।

# श्रममन्त्री श्रेष्ठको भ्रमणपछि यूएईमा नेपाली ठग्ने कोमलराज उपाध्याय पक्राउ

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ चैत

रोजगारीको प्रलोभन देखाएर नेपाली युवालाई भिजिट भिसामा संयुक्त अरब इमिरेट्स (यूएई) पुऱ्याउने कार्यमा संलग्न त्रिनेत्र म्यानेजमेन्ट कन्सल्टेन्सीका संचालक कोमलराज उपाध्याय यूएईमा पक्राउ परेका छन् ।

यूएई भ्रमणका क्रममा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री कृष्णकुमार श्रेष्ठ र यूएईका मानव संशाधन मन्त्री डा. अव्दुलरहमान अव्दुलमानन अल अवारबीच यूएईमा अलपत्र परेका नेपालीहरुको समस्या समाधान गर्ने र दोषीलाई कारबाहीको दायरामा ल्याउन दुई देश मिलेर काम गर्ने सहमति भएको थियो । यूएई सरकारले कानूनले तोकेको प्रक्रियाभन्दा बाहिरबाट नेपालीलाई यूएई ल्याउने कार्यमा संलग्न व्यक्तिलाई कारबाहीको दायरामा ल्याउने प्रतिवद्धता जनाएको थियो ।

त्रिनेत्र म्यानेजमेन्ट कन्सल्टेन्सीका संचालक उपाध्यायले नेपालीलाई यूएईमा अलपत्र पारेको र ठगी गरेको उजुरी परेको थियो । उपाध्यायलाई पक्राउ गरेको जानकारी त्यहाँको प्रहरीले नेपाली दूतावास आवुधाबीलाई गराएको छ ।

नेपाली समुदायको कार्यक्रममा मन्त्री श्रेष्ठले नक्कली मागपत्र बनाउने, झुटो आश्वासन र रोजगारीको प्रलोभन देखाएर प्रचलित कानूनले तोकेको प्रक्रियाभन्दा बाहिरबाट नेपालीलाई यूएई ल्याउने कार्यमा संलग्न व्यक्तिलाई कारबाहीको दायरामा ल्याउन अन्तर्राष्ट्रिय प्रहरी अपराध संगठन (इन्टरपोल) – बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## सुरक्षित आप्रवासनका निम्ति मिलेर काम गर्ने नेपालको प्रतिबद्धता

**काठमाडौं/रासस–** नेपालले सुरक्षित आप्रवासनका निम्ति अन्तर्राष्ट्रिय समुदायसँग मिलेर काम गर्ने प्रतिबद्धता व्यक्त गरेको छ । परराष्ट्रमन्त्री डा नारायण खड्काले शुक्रबार मोरक्कोको रबातमा 'हाइब्रिड' ढाँचामा सम्पन्न सुरक्षित, व्यवस्थित र नियमित आप्रवासन (जिसीएम) सम्बन्धी 'ग्लोबल कम्प्याक्ट' देशहरूको मन्त्रीस्तरीय बैठकलाई सम्बोधन गर्दै सुरक्षित आप्रवासनका निम्ति अन्तर्राष्ट्रिय समुदायसँग मिलेर काम गर्ने प्रतिबद्धता व्यक्त गरेका हुन् ।

आफ्नो पूर्व रेकर्ड गरिएको सम्बोधनमा उनले जिसीएममा नेपालको प्रतिबद्धतालाई जोड दिँदै पारस्परिक विकासका लाभ सुरक्षित गर्न आप्रवासीको योगदानलाई अधिकतम बनाउने तथा गन्तव्य देश, क्षेत्रीय परामर्शदात्री समूहका साथै अन्य निकायसँगको साझेदारी – बाँकी पृष्ठ २ मा


## कुवेतमा वैदेशिक रोजगार अवसर

कम्पनी : AL-AYSH INTERNATIONAL GROUP FOR GENERAL TRADING & CONTRACTING CO. W.L.L. शहर : KUWAIT

पूर्व स्वीकृत मितिः २०७८/१२/११ चलानी नं.: ६०१७६५७८ LT. No.: 260372

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 0 | 50 | सम्बन्धित काममा दक्ष | 150 | ६०,१२१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner | 50 | 0 | | 85 | ३४,०६८ | | | | | | | |
| 3. | Security Guard | 70 | 0 | | 130 | ५२,१०५ | | | | | | | |

नोटः प्री इन्टरभ्यु धमाधम भइ रहेको छ। प्री इन्टरभ्युमा सहभागी हुनेलाइ मात्र फाइनल इन्टरभ्युमा सामेल गरिने छ।

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ चैत १९ गते (2 April 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

MANAKAMANA FOREIGN EMPLOYMENT CO. P. LTD.
Licence No. 753/064/065
Nagarjun-4, Sitapaila, Kathmandu. Tel: 01-4034677 , 9808577289, 9851125275, 9860836178, Email: manakamanamfec1@gmail.com



## यूएई को प्रतिषठित सुपर मार्केटमा रोजगारको अवसर

कम्पनी : AL MAYA SUPERMARKET L L C शहर : UAE

पूर्व स्वीकृत मितिः २०७८/१२/१० चलानी नं.: ६०१७६४९९ LT. No.: 260369

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Butcher | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४३,१३४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Forklift Driver | 5 | 0 | | 1800 | ५९,७२४ | | | | | | | |
| 3. | Heavy Vehicle Driver | 5 | 0 | | 1600 | ५३,०८८ | | | | | | | |
| 4. | Light Vehicle Driver | 5 | 0 | | 1500 | ४९,७७० | | | | | | | |
| 5. | Packer/cleaner | 30 | 0 | | 800 | २६,५४४ | | | | | | | |
| 6. | Retail Sales Assistant ( Male) | 25 | 50 | | 1200 | ३९,८१६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ चैत १९ गते (2 April 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

(प्रि-अन्तर्वार्ता धमाधम भइरहेको छ ।)

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

थप आवश्यकताहरू: Driver को हकमा UAE License Valid हुनुपर्ने, Forklift Driver को हकमा UAE License हुनुपर्ने, Butcher को हकमा Butchery License हुनुपर्ने, Retail Sales Assistant का हकमा अंग्रेजी दक्ष हुनुपर्ने र Sales सम्बन्धी अनुभवी हुनुपर्ने छ ।

सक्कल DOCUMENT का साथ INTERVIEW मा उपस्थित हुनुपर्ने ।

SURKHET OVERSEAS PVT. LTD.
Gov. Lic No. 1219/074/075
Sinamangal-9, Kathmandu, Nepal, Tel: 4473705, 4494457
Mobile No.: 9851212203, 9851235143, 9851322884, 9808798478, 9841136727, 9818441474, 9844064089, 9860528710, 9881236782
Email: infosurkhetoverseas@gmail.com, info@surkhetoverseas.com

मध्यान्ह
www.madhyanhadaily.com
१२ चैत २०७८, शनिबार
26 March 2022, Saturday

# ६ करोड बढी राजस्व दाखिला

**सहबान अन्सारी/मध्यान्ह**
नवलपरासी, ११ चैत

जिल्ला प्रहरी कार्यालय नवलपरासीले ९ महिनाको अवधीमा ६ करोड ९ लाख ४१ हजार रुपैयाँ बराबरको राजस्व दाखिला गरेको छ। भन्सार छलीको हरियो केराउ, विभिन्न किराना सामग्री, हार्डवयरका सामग्री, लत्ता कपडा, ईलेक्ट्रोनिक सामान, सवारी साधनका पार्टपूर्जालगायतका सामग्री नियन्त्रणमा लिएर कारबाहीका लागि भन्सार तथा राजस्व अनुसन्धान कार्यालयमा बुझाएको प्रहरीले जनाएको छ। उक्त सामग्रीबाट प्रहरीले ५ करोड ४६ लाख ६९ हजार २ सय ८९ मूल्य बराबरको राजस्व संकलन गरेको थियो।

यसैगरी प्रहरीले नदीजन्य पदार्थको अवैध उत्खननमा संलग्न ४७ वटा ट्र्याक्टर, २ वटा जेसिबी नियन्त्रणमा लिएर थप कारबाहीका लागि स्थानीय तहमा पठाएको छ। जसबाट ८ लाख ४३ हजार ४ सय ३७ रुपैयाँ बराबरको राजस्व दाखिला भएको छ। त्यसैगरी ३५ लाख ९० हजार श्रोत खुल्न नसकेको रकमसहित ४ जनालाई पक्राउ गरि आवश्यक कारबाहीका लागि राजस्व अनुसन्धान कार्यालय बुटवल पठाइएको प्रहरीले जनाएको छ।




यस्तै प्रहरीले ११ लाख ६२ हजार ७ सय ९३ मूल्य बराबरको अवैध काठ र ६ लाख ७५ हजार ५ सय मूल्य बराबरको जडिबुटी बरामद गरी डिभिजन वन कार्यालयमा बुझाएको छ।

अवैध मालसामान, अवैध नदीजन्य पदार्थ उत्खनन् कारबाही, श्रोत नखुलेको रकम, अवैध काठ तथा जडिबुटीबाट जम्मा ६ करोड ९ लाख ४१ हजार २१ रुपैयाँ बराबरको राजस्व दाखिला भएको प्रहरीले जनाएको छ।

१७७ जना फरार अभियुक्त पक्राउ

जिल्ला प्रहरी कार्यालय नवलपरासीले १७७ जना फरार अभियुक्त पक्राउलाई पक्राउ गरि कारबाही भुक्तानीका लागि जिल्ला अदालतमा पेश परेको जनाएको छ।

पक्राउ परेका १७७ जना अभियुक्तहरुको एकमुष्ट जम्मा सजाय ५१ वर्ष ६ महिना ९ दिन कैद र २१ लाख ३० हजार ६ सय २५ रुपैयाँ जरिवाना रहेको छ। पक्राउ गरीएका सबै फरार अभियुक्तहरुलाई आवश्यक कारवाहीको लागि जिल्ला अदालत नवलपरासीमा पेश गरिएको जिल्ला प्रहरी कार्यालय नवलपरासीले जनाएको छ।

# विद्यार्थीलाई शैक्षिक सामग्री

**माधव बेल्वासे/मध्यान्ह**
चन्द्रौटा, ११ चैत



कपिलवस्तुको शिवराज नगरपालिका ३ नम्बर वडा कार्यालयले विद्यालयलाई शैक्षिक सामग्री वितरण गरेको छ। वडा भित्रका अति विपन्न गरिब, अभिभावकविहीन ४० जना बालबालिकालाई शैक्षिक सामग्री र ६ जना विद्यालयलाई ट्राली स्पिकर, पंखा वितरण गरिएको छ।

शुक्रबार वडा कार्यालयमा एक कार्यक्रमको आयोजना गरी वडा अध्यक्ष टेकलाल सापकोटाले उक्त सामग्री वितरण गरेका हुन्। बालबालिकाले पढ्न पाउने नैसर्गीक अधिकारलाई ध्यानमा राखी अभिभावकविहीन तथा विपन्न परिवारका बालबालिकालाई संरक्षण गर्नुपर्ने सापकोटाको भनाई छ। उनीहरूको भविष्य उज्ज्वल बनाउने उद्देश्यले यो कार्यक्रम ल्याएको बताउँदै सबैको समान पहुँच हुनुपर्ने वडाध्यक्ष सापकोटाले बताए।

बेवर भवानी आधारभूत विद्यालय मैनारका प्रधानाध्यापक देव बहादुर जिसीले वडाले गरेको कार्य प्रशंसा गर्दै दिगो शिक्षण सिकाइका लागि उल्लेखनीय रहेको बताए। वडाले योजनासहित शैक्षिक क्षेत्रमा लगानी गरेको कार्य प्रभावकारी भएको बताउँदै वितरण गरिएको सामग्रीले शैक्षिक गुणस्तरमा थप ऊर्जा मिल्ने विश्वास व्यक्त गरे।

कार्यक्षेत्र भित्र रहेका आम सर्वसाधारणलाई जुनसुकै समयमा दुःखमा परेलाई घरमै पुगेर सहयोग गर्दै आएका छन्। आगामी दिनमा समेत दुखी तथा विपन्न परिवारलाई आफूले सक्दो सहयोग गर्ने वडाध्यक्ष सापकोटाले प्रतिबद्धतासमेत जनाएका छन्। उक्त कार्यक्रमलाई श्यामलाल थारु, सीता पुन र राज कुमार ज्ञवाली लगायतले सम्बोधन गरेका थिए।

# भन्सार छलीको सामग्री नियन्त्रण



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ११ चैत

जिल्ला प्रहरी कार्यालय रौतहटले भन्सार छलेर ल्याउँदै गरेको घडी नियन्त्रणमा लिएको छ। भारतबाट अवैध रुपमा भन्सार छली ल्याएको ८ पोका घडी र अन्य १० वटा कपडाको पोका नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ।

औरैयाबाट काठमाडौंका लागि छुटेको ना ५ ख २६९५ को यात्रुबहाक बसभित्र लुकाएर ल्याएको सामग्री बमनहरबाट प्रहरीले नियन्त्रणमा लिएको हो। बस साहु दिपु गिरीको मिलेमत्तोमा भारतीय तस्करले लुकाई छिपाई राखेको सामग्री नियमित जाँचका क्रममा नियन्त्रणमा लिईएको प्रहरी सहायक निरिक्षक सुनिल यादवले जानकारी दिए।

# अतिक्रमित संरचना हटाउन ७ दिने अल्टिमेटम



**गणेश रावत/मध्यान्ह**
कोहलपुर, ११ चैत

सडक डिभिजन कार्यालय नेपालगञ्जले जमुनाहा-कोहलपुर क्षेत्रका अतिक्रमित संरचना हटाउन पुनः एक हप्ता समय थप गरेको छ। अतिक्रमित संरचना हटाउने विषयमा गत मंगलबार सर्वपक्षीय छलफलसमेत भएको थियो। सो छलफलपछि डिभिजन कार्यालयले पुनः एक हप्ताको समय थप गरेको हो।

डिभिजन कार्यालयले पटक-पटक अतिक्रमित संरचना हटाउन निर्देशन दिएपनि स्थानीयले त्यसको बेवास्ता गर्दै आइरहेका छन्। यसअघि पुस मसान्तसम्म संरचना हटाउनका लागि समयसीमा तोकिएको थियो। तर, स्थानीयले अटेर गरेपछि गत बिहीबार सडक डिभिजन कार्यालय सुरक्षाकर्मीसहित अतिक्रमित संरचना हटाउन कोहलपुर बजार पुगेको थियो।

डोजरसहित संरचना भत्काउन पुगेका सरोकारवालासँग नागरिक उद्योग वाणिज्य संघले थप एक हप्ताको समय माग गरेको थियो। अहिलेको सूचनालाई पनि बेवास्ता गरे डोजर प्रयोग गरिने सडक डिभिजन कार्यालयले जनाएको छ।

# प्रहरीको नयाँ सिर्जना गरिएका पदमा बढुवा प्रक्रिया सुरु

**काठमाडौं/मस-** नेपाल प्रहरीमा तल्लो तहका प्रहरीको लामो समयसम्म बढुवा हुन नसक्ने समस्या समाधान गर्न नयाँ सिर्जना गरिएका पदमा बढुवा प्रक्रिया सुरु भएको छ। नेपाल प्रहरी स्थापना भएदेखि नै तल्लो तहमा लामो समयसम्म बढुवा हुन नसक्ने समस्या समाधान गर्न तीन पद सिर्जना गरिएको थियो। प्रहरी नियमावली, २०७१ लाई नवौं संशोधन गरी जवान र हवल्दारको बीचमा प्रहरी सहायक हवल्दार, हवल्दार र प्रहरी सहायक निरीक्षकको बीचमा प्रहरी वरिष्ठ हवल्दार तथा प्रहरी निरीक्षक र प्रहरी नायब निरीक्षकको बीचमा प्रहरी वरिष्ठ नायब निरीक्षक पद सिर्जना गरिएको छ। सरकारले प्रहरी नियमावली २०७१ लाई संशोधन गरी 'प्रहरी (नवौं संशोधन) नियमावली, २०७८ गत माघ ३ गते राजपत्रमा प्रकाशित गरेको थियो। सोहीअनुसार पहिलो चरणमा बिहीबार मात्रै बढुवा सिफारिस भएको हो।

गृह मन्त्रालयका प्रहरी प्रशासन शाखाका उपसचिव गणेश गैह्रेका अनुसार नियमावली संशोधनपछि तीन पदमा गरेर २० हजार ४१९ प्रहरीको बढुवा हुनेछ। उनका अनुसार प्रहरी वरिष्ठ नायब निरीक्षकमा एक हजार ४१८, प्रहरी वरिष्ठ हवल्दारमा तीन हजार ७४८ र प्रहरी सहायक हवल्दारमा १५ हजार २५३ जना बढुवा हुनेछन्।

यीमध्ये पहिलो चरणमा प्रहरी वरिष्ठ नायब निरीक्षकमा १९१, प्रहरी वरिष्ठ हवल्दारमा एक हजार १७३ तथा प्रहरी सहायक हवल्दारमा एक हजार ७५२ जना बढुवा सिफारिस भएका छन्। गृहमन्त्री खाँणले लामो समयसम्म वृत्तिविकास हुन नसकेका तल्लो तहका प्रहरीलाई काममा हौसला बढाउन उक्त निर्णय गरी कार्यान्वयनमा लगिएको जानकारी दिए। 'लामो समयदेखि तल्लो तहका प्रहरीको बढुवा हुन सकिरहेको थिएन, उनीहरूको बढुवा गरेर वृत्तिविकास गर्न पद थप्ने निर्णय गरेका हौँ, यसमा सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवाको ठूलो हात छ', गृहमन्त्री खाँणले भने। नियमावलीमा व्यवस्था भएअनुसार ज्येष्ठताका आधारमा बढुवा गरिने उनले बताए।

# बैंकिङ कसुर मुद्दामा वडाध्यक्ष पक्राउ

**बारा/मस-** जिल्ला प्रहरी कार्यालय बाराले कलैया उपमहानगरपालिका-१४ का वडाध्यक्ष सुरेन्द्रप्रसाद जयसवाललाई पक्राउ गरेको छ। तीनवटा छुट्टाछुट्टै बैंकिङ कसुर मुद्दामा ३८ लाख ठगी गरेको आरोपमा वडाध्यक्षलाई कलैया बजारबाट पक्राउ गरिएको प्रहरी प्रवक्ता राजेश थापाले जानकारी दिए।

पक्राउ परेका जयसवाललाई जिल्ला अदालतबाट पाँच दिनको म्याद थप गरी अनुसन्धान प्रक्रिया अगाडि बढाइएको प्रवक्ता थापाले जानकारी दिए। जयसवाल २०७४ सालको स्थानीय निर्वाचानमा नेकपा (एमाले)का तर्फबाट निर्वाचित भएका थिए।

## स्थानीय तह निर्वाचन
# थापाद्वारा स्वतन्त्र उम्मेद्वारी घोषणा

**भक्तपुर/मस-** आगामी वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनका लागि उम्मेद्वारी घोषणाको क्रम सुरु भएको छ। जिल्लाको सूर्यविनायक नगरपालिका वडा नं १० चितपोल निवासी ३३ वर्षीय युवा अधिवक्ता विक्रम थापाले स्वतन्त्र उम्मेद्वारी घोषणा गरेका छन्।

उनले शुक्रबार पत्रकार सम्मेलन मार्फत सूर्यविनायक नगरपालिकाको मेयर पदमा आफ्नो उम्मेदबारी घोषणा गरेका हुन्। साथै उनले आफूसहित नगरपालिकाको उपप्रमुख र नगरपालिकाका १० वटै वडामा पनि क्रमश उम्मेद्वारी घोषणा गर्दै जाने बताएका छन्। तर, पहिलो चरणमा उनले प्रमुखमा आफनो मात्रै उम्मेद्वारी घोषणा गरेका हुन्। उम्मेद्वारी घोषणासँगै उनले १९ बुँदे घोषणापत्र पनि सार्वजनिक गरेका छन्।

२०७४ सालको स्थानीय तहको निर्वाचनमा नेकपा एमालेलाई मत दिएको भएपनि अहिले नगरपालिका भ्रष्टाचारको अखडा बनेकाले आफूले उम्मेदबारी घोषणा गर्नुपरेको उनको भनाई थियो।

# अमेरिकाद्वारा साढे ७ लाख बढी डोज खोप सहयोग

**काठमाडौं/मस-**अमेरिकाले नेपाललाई थप ७ लाख ६६ हजार ३ सय ५० डोज कोरोना खोप उपलब्ध गराएको छ।

नेपालस्थित अमेरिकी राजदूत र्‍यान्डी बेरीले शुक्रबार अपरान्ह उक्त संख्याको फाइजर खोप ल्याइएको बताए। अमेरिकाले ३१ लाख डोज कोरोना खोप नेपाललाई उपलब्ध गराइसकेको छ।

त्यसैगरी विश्वका ११० देशमा कूल ५० करोड डोज खोप अमेरिकाले उपलब्ध गराएको राजदूत बेरीले जनाएका छन्।




यसैबीच नेपालमा शुक्रबार थप १८ जनामा कोरोना भाइरसको संक्रमण पुष्टि भएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार पछिल्लो समय चार हजार ३४२ को परीक्षण गर्दा उक्त संख्यामा संक्रमण पुष्टि भएको हो।

योसँगै पिसीआर विधिबाट गरिएको परीक्षणमा कोरोना भाइरस संक्रमितको संख्या नौ लाख ७८ हजार ३०९ पुगेको छ। एन्टिजेन परीक्षण गर्नेको संख्या एक लाख ४० हजार १०५ रहेको छ। पछिल्लो समय थप २७१ संक्रमणमुक्त भएका छन्। योसँगै संक्रमणमुक्त हुनेको संख्या नौ लाख ६४ हजार ३९८ पुगेको छ।

हालसम्म कोरोनाबाट मृत्यु हुनेको संख्या ११ हजार ९५१ पुगेको छ भने पछिल्लो २४ घण्टामा कोरोनाका कारण कसैको पनि मृत्यु भएको छैन। त्यसैगरी पछिल्लो समय ६४ हजार ३४७ ले खोप लगाएको पनि मन्त्रालयले जानकारी दिएको छ। हाल सक्रिय संक्रमितको संख्या एक हजार ९६० रहेको छ। अहिले होम आइसोलेशनमा एक हजार हजार ९१६ रहेका छन्। त्यसैगरी संस्थागत आईसोलेसनमा ४४ आइसीयुमा २१ र भेन्टिलेटरमा दुई जनाले उपचार गराइरहेका छन्।

# कर्णालीमा मिर्गौला प्रत्यारोपण सेवा

**कर्णाली/मस-** कर्णालीमा मिर्गौला प्रत्यारोपण सेवा शुरु गरिने भएको छ।

यस सम्बन्धी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयअन्तर्गत शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र भक्तपुर र कर्णाली प्रदेश अस्पताल सुर्खेतबीच सम्झौता भएको हो।

सम्झौतापत्रमा प्रत्यारोपण केन्द्रका कार्यकारी निर्देशक डा.पुकारचन्द्र श्रेष्ठ र कर्णाली प्रदेश अस्पतालका निर्देशक डा डम्बर खड्काले हस्ताक्षर गरेका छन्।

प्रदेश अस्पताल सुर्खेतका निर्देशक प्राडा खड्काले चालु आर्थिक वर्षभित्र प्रदेश अस्पताल सुर्खेतमा मिर्गौला प्रत्यारोपण कार्य सुरु गर्ने गरी सम्झौता भएको जानकारी दिए।

प्रदेश अस्पतालअन्तर्गतका अस्पतालमा डायलासिस सेवा विस्तार गर्नेजस्ता सम्झौता भएको जनाइएको छ।




कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर कालागाउँस्थित प्रदेश अस्पताल सुर्खेतले विशेषज्ञ र ठूला खालका सेवा सुरु गर्ने पहल र योजनाले कर्णालीवासीमा खुसी छाएको छ। कर्णाली सरकारको एकमात्र ठूलो स्वास्थ्य संरचना प्रदेश अस्पतालले सेवामा बढोत्तरी गर्दै लगेपछि यहाँका नागरिकको आफ्नो स्वास्थ्य सुरक्षाको अधिकार सुनिश्चित हुने आशा गरेका छन्।

पहिलोपटक कर्णाली प्रदेश अस्पताल सुर्खेतबाट जटिल खालको मानव अङ्ग प्रत्यारोपण सेवा सुरु हुने भएपछि मिर्गौला रोगीले सहजै उपचार पाउने र आर्थिक भार कम हुनेछ। अब उनीहरुले मिर्गौला उपचारको सेवा प्रदेश बाहिरबाट लिनुपर्ने बाध्यता हट्ने प्रदेश अस्पातालले जनाएको छ।

# पाँच महासेनानी सहायक रथीमा बढुवा

**काठमाडौं/मस-**नेपाली सेनाका पाँच जना महासेनानी सहायक रथीमा बढुवा भएका छन्।

महासेनानीहरु पुरुषोत्तम ढकाल, उत्तम कुमार विष्ट, सन्तोषराज पाण्डे, लक्ष्मण थापा र सुरत रावल सहायक रथीमा बढुवा भएका हुन्। बढुवा भएका सहायक रथीहरुलाई प्रधानसेनापति प्रभुराम शर्माले शुक्रबार एक समारोहकाबीच दर्ज्यानी चिन्ह प्रदान गरेका छन्।

### कांग्रेस ...

निर्वाचन क्षेत्र र प्रचण्डपुत्री रेणु दाहाल मेयर भएको चितवनको भरतपुर महानगरपालिकाको विषयमा चर्काचर्की छलफल भयो। नेपाली कांग्रेसका केन्द्रीय सदस्य दिनेश कोइराला आगामी चुनाव एक्लै लड्नुपर्ने बताए। कति कतै गठबन्धन गर्नुपर्ने भए जिल्ला र स्थानीय तहका कमिटीहरुलाई नै निर्णय गर्न दिनुपर्ने भन्दै उनले केन्द्रबाटै तालमेल गर्ने विषयको विपक्षमा मत दिए।

'नेकपा फुटेको छ, एमाले फुटेको छ। यतिखेल पनि सिंगल लडेनौं भने कहिले लड्ने ? त्यसैले सिंगल लड्नुपर्छ,' उनले भने। गठबन्धनमा अपवित्र स्वार्थहरु मिसिएका कारण पनि सचेत हुनुपर्ने नेता कोइरालाको भनाई छ। तर, माओवादीले गल्ति स्वीकार गरे चितवनमा गठबन्धन हुन सक्ने बताए।

'भरतपुरमा मात्र होइन, चितवनमा गठबन्धन हुन्छ भने २०७४ मा कांग्रेसलाई धोका दिएर गल्ती गर्‍यौं। कांग्रेसबाट चुनाव जितेर एमालेलाई भोट हाल्यौं। हिजो गल्ती गर्‍यौं, अब सहकार्य सुरु गरौं भन्यो भने छलफल हुन्छ, नभए हुँदैन' कोइरालाले भने।

टेकबहादुर गुरुङले पनि नेकपा मात्र नभएर एमाले समेत फुटेका बेला एक्लै चुनाव लड्नुपर्ने बताए। नेकपा एक हुँदा धरान उपमहानरगपालिकाको उपचुनाव जितेको भन्दै उनले भनेका थिए, 'तालमेल नगरी चुनाव जित्न सकिन्छ।' तर, सभापति शेरबहादुर देउवाले तालमेल बिना चितवनमा जित्न नसकिने जवाफ फर्काए।

बैठकको अन्तिममा सभापति देउवाले चितवनका नेताहरुलाई जवाफ दिए। नेविसंघको सभापति भएदेखि आफू चितवनको परिस्थितिबारे जानकार रहेको भन्दै देउवाले भने 'जितेर देखाउनु पर्‍यो नि !'

केन्द्रीय कार्यसमितिको बैठक आइतबार विहान ११ बजे पुनः बस्नेछ। उक्त बैठकमा पनि केन्द्रीय सदस्यहरुले धारणा राख्नेछन्। त्यसपछि कांग्रेसले चुनावी गठबन्धन लगायतका विषयमा औपचारिक निर्णय गर्नेछ।

### एमालेसँग....

विषय उठाए। कर्णाली प्रदेशका कतिपय जिल्लामा नेकपा माओवादी केन्द्रका विरुद्ध एमालेसँग गठबन्धन गर्नुपर्ने अवस्था रहेको उनको रिर्पोटिङ छ। कम्युनिस्टहरु फुटेका बेलामा कांग्रेस एक्लै लड्नु राम्रो हुने उल्लेख गर्दै उनले भने, 'यदि गठबन्धन नै गर्ने हो भने कर्णालीका कतिपय जिल्लामा एमालेसँग गठबन्धन गरेर माओवादी तह लगाउनुपर्ने छ।'

### श्रममन्त्री...

को सहयोगमा यूएईबाट नेपाल झिकाउने बताएका थिए।

भिजिट भिसामा यूएई पुर्‍याएर अलपत्र पार्ने काममा संलग्न म्यानपावर कम्पनी, कन्सल्ट्यान्सीहरु, ट्राभल्स संचालकहरु, दलाल तथा बिचौलियाहरुलाई कारबाहीको दायरामा ल्याइने मन्त्री श्रेष्ठले बताएका छन्।

### सुरक्षित...

र सहयोग अपरिहार्य भएको बताए। परराष्ट्रमन्त्री खड्काले सन् २०१८ मा जिसीएमको अनुमोदन अन्तरर्राष्ट्रिय आप्रवासनमा ऐतिहासिक कोशेढुङ्गा भएको बताउँदै त्यसका बहुआयामिक पक्षलाई सम्बोधन गर्न अन्तर्राष्ट्रिय सहयोगको लागि रूपरेखा कोरेको उल्लेख गरे।

'पहिलो अन्तर्राष्ट्रिय आप्रवासन समीक्षा मञ्चमा रचनात्मक सहभागिता जनाउन नेपाल इच्छुक छ, सुरक्षित, व्यवस्थित र नियमित बसाइँसराइको दृष्टिकोणलाई साकार पार्न अन्तरर्राष्ट्रिय समुदायसँग मिलेर काम गर्न नेपाल तत्पर छ,' सुरक्षित आप्रवासनको पक्षमा नेपालले सधैं पैरवी गर्दै आएको स्पष्ट गर्दै उनले भने।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
**प्रकाशित मितिः २०७८/१२/१२**

यस कार्यालयमा मिति २०७३/०४/३२ मा दर्ता भएको दर्ता नं. १५४०७९ को **ग्रेट सोलुसन प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७८/१२/११ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
**प्रकाशित मितिः २०७८/१२/१२**

यस कार्यालयमा मिति २०७७/१२/०५ मा दर्ता भएको दर्ता नं. २५९४६९ को **अर्थोपेडिक सुपरस्पेसियालिटि क्लिनिक प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७८/१२/११ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७६/०१/३० मा दर्ता भएको **प्रा.लि. नं. २१४९७३** को **एक्सन कम्प्यासन दुल्कु दावा प्रा.लि.(मु.वि. नगर्ने)**को मिति २०७८/१२/११ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ।
**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं.** २८७,
**ठेगाना : बबरमहल, काठमाडौं, फोन नं.** ९८४१३४०४०३
**ईमेल :** rokayasherbahadur723@gmail.com

# ‘राष्ट्रिय सुरक्षालाई सुदृढ तुल्याउन समन्वय र सहकार्य आवश्यक’

**काठमाडौं/मस**–प्रधानमन्त्री शेरबहादुर देउवाले पछिल्लो समय शक्ति राष्ट्रबीच विभिन्न क्षेत्रमा आफ्नो प्रभुत्व जमाउने उद्देश्यले देखा परेको तनाव र होडबाजीले अन्तर्राष्ट्रिय र क्षेत्रीय सुरक्षाको वातावरण गम्भीररुपमा प्रभावित भएको बताएका छन् ।




शिवपुरीस्थित सैनिक कमाण्ड एण्ड स्टाफ कलेजमा आयोजित सातौँ समूहको उच्चस्तरीय राष्ट्रिय सुरक्षा तालिम समापनका अवसरमा उनले आजको अन्तर्राष्ट्रिय परिवेशमा आर्थिक, राजनीतिक र रणनीतिक क्षेत्रमा आफ्नो पकड स्थापित गर्न शक्ति राष्ट्रबीच कडा प्रतिस्पर्धा चलिरहेको बताए ।

प्रधानमन्त्री देउवाले भने, ‘देशको संवेदनशील भू-राजनीतिक अवस्थितिको कारण अन्तर्राष्ट्रिय र क्षेत्रीय सुरक्षा वातावरणमा आएको सानो परिवर्तनले पनि हाम्रो राजनीतिक, आर्थिक, सामाजिक तथा समग्र सुरक्षा क्षेत्रमा असर पर्ने हुन्छ, त्यसतर्फ सचेत रहँदै मुलुकको हित र स्वार्थमा कुनै किसिमको आँच नदिनेतर्फ हामी सबै सजग र प्रतिबद्ध हुन आवश्वक छ ।’

राष्ट्रिय सुरक्षालाई सर्वोपरि महत्व दिई सरकारले यस क्षेत्रको सुदृढीकरणको लागि राष्ट्रिय सुरक्षा नीति र प्रतिरक्षा नीतिलगायतका नीति र कार्ययोजना कार्यान्वयनमा ल्याएको उल्लेख गर्दै उनले भने, ‘राष्ट्रिय सुरक्षा एक संवेदनशील र चुनौतीपूर्ण विषय हो, राष्ट्रिय सुरक्षालाई बलियो तुल्याउन अन्तर निकायबीच समन्वय र सहकार्य बलियो हुन बनाउन आवश्यक छ ।’

सार्वजनिक निकायमा काम गर्ने राष्ट्रसेवकलाई समयसापेक्ष तालिम र अभिमुखीकरणमार्फत मुलुकको आन्तरिक र बाह्य सुरक्षा चुनौतीका विषय र समाधानका सम्भावित उपायबारे सूचित गर्न आवश्यक रहेको बताउँदै प्रधानमन्त्री देउवाले मुलुकको एकीकृत प्रयासबाट सुरक्षा चुनौतीलाई सामना गर्न सबै निकाय सदैव सजग र सचेत रहनुपर्ने बताए ।

प्रधानसेनापति प्रभुराम शर्माले बहुआयामिक सुरक्षा चुनौतीको उचित व्यवस्थापनको लागि राजनीतिक, कूटनीतिक रणनीतिक तथा शैक्षिक वृत्तलगायत आमनागरिकमा समेत सामरिक धारणा र सोचको वृद्धि भई समग्रमा सामरिक संस्कृतिको विकास हुन जरुरी रहेको बताए ।

उनले भने, ‘जलवायु परिवर्तन र कोभिड-१९ महामारीले विश्वसामु मानव सुरक्षालगायत समग्र सुरक्षा जटिलतालाई समेत स्पष्टसँग उजागर गरेको छ, संवेदनशील र गहन विषयका रुपमा रहेको राष्ट्रिय सुरक्षा सबैको साझा जिम्मेवारी हो ।’

प्रधानसेनापति शर्माले सुरक्षाका दायरा फराकिलो हुँदै गएको परिप्रेक्षमा राष्ट्रिय सुरक्षामा नागरिक र सबै सुरक्षा संयन्त्रबीच एकै किसिमको सोच हुन जरुरी रहेको बताए । कलेजका शिक्षाध्यक्ष एवं उपरथी हीरालाल जोशीले राष्ट्रिय सुरक्षा र प्रतिरक्षाबारे जानकारी दिई सरोकारवालाबीच एउटै बुझाई स्थापित गर्ने उद्देश्यले सञ्चालन गरिएको १४ दिनको उच्चस्तरीय राष्ट्रिय सुरक्षा तालिम हालसम्म सुरक्षा फौज र गैरसैनिक नागरिक गरी हालसम्म १३८ जनाले लिइसकेको जानकारी दिइएको थियो ।

उक्त कलेजबाट हालसम्म मध्यम तहका अधिकृतका लागि सञ्चालित ११ महिने कमाण्ड एण्ड स्टाफ कलेज तालिम नेपाली सेनाका एक हजार ४०, नेपाल प्रहरीका १३, सशस्त्र प्रहरी बलका २५, राष्ट्रिय अनुसन्धान विभागका १६ तथा विदेशी ९९ शिक्षार्थीले पूरा गरेका छन् ।

# मनकारी वडाध्यक्ष, जसले विद्यालयलाई दिए पाँच वर्षको तलब

**उत्तमकुमार थापा/मध्यान्ह**
सुर्खेत, ११ चैत



बझाङको जयपृथ्वी नगरपालिका वडा नम्बर १० का वडा अध्यक्ष दलबहादुर बिष्ट कृष्णले आफ्नो पाँच वर्षको तलब भत्ता विद्यालयलाई हस्तान्तरण गरेका छन् । उनले स्थानीय सत्यवादी माध्यमिक विद्यालयलाई पाँच वर्षको तलब भत्ता १५ लाख रुपैयाँ हस्तारण गरेका हुन् । उनले आफु जनप्रतिनिधि भएपछि पाउने तलव भत्ता उक्त विद्यालयलाई सहयोग गर्ने केही समय अगाडि नै प्रतिबद्धता जनाएका थिए । सोहि प्रतिबद्धता अनुसार नै उनले विद्यालयलाई उक्त रकम सहयोग गरेका हुन् ।

अध्यक्ष बिष्ट नेपाली कांग्रेसबाट विजयी भएका थिए । जनप्रतिनिधि बिष्टले आफुले पाएको पारिश्रमिक तलव भत्ता बाफतको सबै रकम कृष्ण पुष्पा फाउण्डेसन मार्फत सहयोग गरेका हुन् । शुक्रबार विद्यालयमा आयोजित एक कार्यक्रममा उनले उक्त रकम बराबरको चेक हस्तान्तरण गरे ।

सो अवसरमा उनले भने, ‘मैले विद्यालय र गरिब दिनदुखी विद्यार्थीहरुलाई सहयोग गर्ने बाँचा गरेको थिए । सोही अनुसार सहयोग गरेको हुँ । आगमी दिनमा पनि मेरो सहयोग र साथ सदैव रहनेछ ।’

उनले भने, ‘मैले पनि धेरै दुःख पाएको हुँ । म गरिवको दुःख सुखमा साथ दिने मान्छे हुँ । आगामी दिनमा पनि जनप्रतिनिधि हुँदा होस् या नहुँदा सँधै सहयोग गरिरहनेछु ।’

विष्टले उक्त रकमको वार्षिक आउने व्याजबाट गरिव छात्र छात्रालाई छात्रवृत्ती वितरण गरिने बताए । आफ्नो छोरा हाल अमेरिकामा रहेका भुवन बिष्टले पनि विद्यालयलाई एक ल्यापटप सहयोग गर्ने कार्यक्रममा अध्यक्ष विष्टले जानकारी गराए ।

कार्यक्रममा नेपाली कांग्रेसका पूर्व सभापति पृथ्वी बहादुर सिंह प्रमुख अतिथि रहेका थिए भने नेता चेतराज बजाल विशिस्ट अतिथि थिए । सो अवसरमा नेता रमेश भण्डारी, बिष्टकी धर्म पत्नी पुष्पा बिष्ट, पत्रकार जनप्रतिनिधि, शिक्षक विद्यार्थीहरुको उल्लेख्य सहभागिता रहेको थियो ।

# दश वर्ष सेवा गरेका ११ शिक्षक सम्मानित




**भक्तपुर/मस**- ख्वप कलेज र ख्वप माध्यमिक विद्यालयका ११ जना शिक्षक कर्मचारीहरुलाई सम्मान गरिएको छ ।

ख्वप माविको २२ औं, ख्वप कलेजको २०औं र शारदा क्याम्पसको ३१ औं वार्षिक उत्सव तथा पुरस्कार वितरण समारोह २०७८ मा विगत १० वर्षदेखि सेवा प्रदान गरिरहेका उनीहरुलाई सम्मान गरिएको हो ।

कार्यक्रममा सम्मानि हुनेहरु ख्वप माविका अन्जना सुवाल, बलराम मुस्याख्व, विना बासी, मीना मचामसी, नीरा श्रेष्ठ, राम कासुला र रामसुन्दर पा श्रेष्ठ, ख्वप कलेजका कृष्णराम किसी, रज्जु हाडा, रुपक खड्का र सुनिता गाइसीलाई नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान विजुक्छेंले सम्मानपत्र प्रदान गरेका थिए ।


अनुसूची–१५
(दफा ३३ को उप–दफा (२) सँग सम्बन्धित)

## काठ/दाउरा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७८।१२।१२**

श्री तामाधारा सामुदायिक वन उपभोक्ता समुह चौकुने गाउँपालिका वडा नं. १० सुर्खेतको वनबाट उत्पादन भई समुहको घाटगद्दीमा राखिएको साल जातको १९७.८६ क्यू.फि. काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजानुपर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संङ्घ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयको सूचना पार्टीमा टाँस गरिएको छ ।

**श्री तामाधारा सामुदायिक वन उपभोक्ता समुह**
चौकुने गाउँपालिका वडा नं. १०, सुर्खेत



**कर्णाली प्रदेश सरकार**
**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**
**डिभिजन वन कार्यालय**
**खलंगा, सल्यान**

## प्रस्ताव आव्हान सम्वन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७८।१२।१२**

स्थानीय भेषभूषा, रहनसहन र कला संस्कृतिको अनुभूतिसहितको भ्रमण र बसाईलाई सुविधाजनक एवम् व्यवस्थित बनाई सल्यान जिल्लामा सांस्कृतिक तथा पर्यापर्यटनको विकास, प्रवर्द्धन तथा व्यवस्थापन गर्ने उद्देश्यले आ.व. २०७८।०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार पर्यटकीय होमस्टे कार्यक्रम कार्यान्वयन गर्नुपर्ने भएकोले होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि (कर्णाली प्रदेश), २०७५ बमोजिम दर्ता भएका इच्छुक सामुदायिक होमस्टेहरुबाट यो सुचना प्रकाशन भएको मितिले २१ दिनभित्र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७८ को अनुसुचि-४ अनुसारको निवेदन र अनुसुचि-६ बमोजिमको प्रस्तावसहित माग गरिएका कागजातहरु संलग्न गरी यस कार्यालयमा प्रस्ताव दर्ता गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ ।

प्रस्तावको ढाँचा कार्यालय समयभित्र यस कार्यालय र कार्यालयको वेवसाइट www.dfosalyan.karnali.gov.np बाट प्राप्त गर्न सकिने छ । प्रस्तावको मूल्याङ्कन विश्लेषण तथा छनौट सम्वन्धी विस्तृत होमस्टे संचालन तथा व्यवस्थापन कार्यविधि, २०७५ बमोजिम हुनेछ । रीत नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु उपर कुनै कारवाही नहुने व्यहोरासमेत जानकारी गराइन्छ ।

**प्रस्ताव बुझाउने ठेगाना**
**डिभिजन वन कार्यालय, सल्यान**
**फोन नं. ०८८-५२०००८, ९८४५१२८००६**



## मलेशिया र कतारमा रोजगार

१. कम्पनी: SHARK FORCE SDN.BHD
शहर: MALAYSIA

पूर्व स्वीकृत मितिः २०७६/११/१३ चलानी नं.: ६०१५२४०० LT. No.: 234013 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 50 | 0 | स. काममा दक्ष | 1200 | ३४,८७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी: AL DOHA MAINTENANCE & SERVICES CENTER शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७८/१२/११ चलानी नं.: ६०१७६५७४ LT. No.: 260064

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOURER | 7 | 0 | स. काममा दक्ष | 1000 | ३३,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ चैत १९ गते (2 April 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**पुकार इन्टरनेशनल ओभरसिज प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ७८३/०६५/०६६
टोखा न.पा.-११, महादेवटार, सामाखुसी, काठमाडौं,
फोन: ४९८८७५४, ४९८८७५५, Pokhara : 061-551158, 9846031923
Butwal : 071-541534, 9857077872, Birtamod : 023-534105, 9806091708
E-mail : info.pukaragency@gmail.com



## साउदीमा रोजगारको अवसर

कम्पनी: SAMA MAKKAH PLASTIC FACTORY
शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०७८/१२/१२ चलानी नं.: ६०१७६५७९ L.T. No.: 260417

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 08 | 0 | स. काममा दक्ष | 1000 | ३२,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ चैत १९ गते (2 April 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।


**अन्जुलिमा इन्टरनेशनल प्रा. लि.**
ANJULIMA INT'L People. Factor. Perspective
श्रम इजाजत नं. ७७४/०६५/०६६
पोष्ट बक्स नं. २३२५१, कालीमाटीडोल, एयरपोर्ट, काठमाडौं, फोन: ४४७३१००, ४४७३३००
फ्याक्स: ४४७२६००, मो: ९८१३५४८४७२, ९८४९८१५४१५, पोखरा : ९८४६०२६२९१, ९८४९८३१०३३
Email: info@anjulimaintl.com | Web: www.anjulimaintl.com



## कुवेतमा रोजगार

कम्पनी: ABDUL HAMEED SALEM SONS COMM CO.WLL
शहर: SAFAT

पूर्व स्वीकृत मितिः २०७८/१२/११ चलानी नं.: ६०१७६५७६ LT. No.: 260170

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners | 0 | 10 | स. काममा दक्ष | 85 | ३४,०६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

